चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

# ४४ औं विश्व पर्यटन दिवसको शुभकामना

हरेक वर्ष सेप्टेम्बर २७ मा मनाउँदै आइरहेको विश्व पर्यटन दिवस २०२३ लाई यस बर्ष नेपालले "पर्यटन र हरित लगानी" भन्ने नारा सहित विविध कार्यक्रम गरी विश्व पर्यटन दिवस मनाउन लागेको छ। विश्व पर्यटन दिवसको अवसरमा चन्द्रकोट गाउँपालिकाको तर्फबाट यहाँहरु सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।

हाम्रो चन्द्रकोट गाउँपालिका धार्मिक, ऐतिहासिक र पर्या-पर्यटन सहितको पर्यटनको संभावना बोकेको एक महत्वपूर्ण स्थानीय तहको रुपमा रहेको छ । उल्लेखित महत्व रहेको यस चन्द्रकोट गाउँपालिकामा पर्यटनको माध्यमबाट आन्तरिक एवम् बाह्य पर्यटनको माध्यमबाट स्थानीय रोजगारीका अवसरहरु सृजना गर्न सकिने प्रचुर संभावना रहेको छ। स्थानीय सरकारको तर्फबाट यस पालिकाले यस स्थानलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न विभिन्न निकायहरुसँग हामीले समन्वय गरिरहेका छौं।

गाउँपालिकाको नामाकरण भएको ऐतिहासिक महत्वको स्थान चन्द्रकोट, तथा यो सँगै रहेको ऐतिहासिक चन्द्रकोट मन्दिर, पालिकाभित्र रहेको दिब्रुङ्ग देवी मन्दिर, दिब्रुङ्ग शिवलाय मन्दिर, किउँ मन्दिर, चक्रेश्वर मन्दिर, कौडे सत्यवती मन्दिर, शिद्धबाबा धाम, राम मन्दिर, चण्डिस्थान मन्दिर लगायतका धार्मिक पर्यटकीय स्थलहरु रहेका छन्।

पालिकाको प्राकृतिक स्थलको रुपमा टिमुरेताल रहेको छ। समुद्र सतहदेखि १९२२ मिटर उचाईमा रहेको करिब २२०० बर्ग मिटर चौडाईमा रहेको यस सुन्दर ताल क्षेत्रबाट गुल्मी जिल्लाका विभिन्न स्थानहरु लगायत हिमालको मनोरम दृष्याबलोकन गर्न सकिन्छ। पालिकाभित्रको सुन्दरताका रुपमा रहेको अर्जेवा झरना गाउँपालिकाको प्राकृतिक मनोरम स्थलका रुपमा रहेको छ यस स्थानमा मनोरम पार्क समेत निर्माण गरिएको छ। समुद्रि सतहदेखि करिब २००० मिटर उचाईमा पर्ने झुलेनी पार्क अर्को आकर्षक गन्तव्यको रुपमा रहेको छ। पिकनिकका स्पटका लागि उल्लेख्य मनोरम स्थल रहेको यस स्थानमा पालिकाले आफ्नो पाईलट प्रोजेक्टका रुपमा करिब ५०० वटा अर्थोडक्स जातका चिया समेत रोपण गरेको छ। यसका अतिरिक्त बार्जिन पर्यटकीय क्षेत्र, दिब्रुङ्ग दहताल क्षेत्र, मनोरम ग्रामिण बस्तीका रुपमा ओलिवाङ्ग, खादीकोट, रेमी, सोता तथा दमुका फाँट, मजुवा एबम् शान्तिपुर बजारक्षेत्र, पाटेचौर पिकनिक स्पट, साँस्कृतिक हिसावमा रहेको जिवराज आश्रित संग्राहलय यस स्थानका पर्यटकीय एबम् साँस्कृतिक महत्वका रुपमा रहेको छन्। उल्लेखित बाहेकाका अन्य विभिन्न गन्तव्यहरुले गर्दा समेत यहाँको कला संस्कृति, धार्मिक, प्राकृतिक एबम् अन्य किसिमका पर्यटनको हिसाबले महत्वपूर्ण रहेको छ।

गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रममा मार्फत पर्यटन क्षेत्रको रुपमा विकास गर्न आवश्यक बजेटको व्यवस्था समेत गरी यस गाउँपालिकाको कला, संस्कृति र पर्यटनको क्षेत्रमा विभिन्न योजनाहरु अगाडि बढाउन प्रतिवद्धता समेत जनाएको हुँदा यस गाउँपालिकालाई कला, संस्कृतिको संरक्षण तथा जगेर्ना गर्दै धार्मिक पर्यटनको रुपमा विकास गरी समृद्ध चन्द्रकोट निर्माणमा हामी सबैले सहकार्य गर्दै "जाउँ चन्द्रकोट, घुमौं चन्द्रकोट" भन्दै विश्व पर्यटन दिवसको पावन अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। धन्यवाद !!

*मितिः २०८० असोज १० गते।*

(युवराज खत्री क्षत्री)
अध्यक्ष

युवराज खत्री क्षत्री
अध्यक्ष